नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन तथा भू-सरक्षण विभाग

**वृहत् जलाधार व्यवस्थापन केन्द्र, कर्णाली**

**जाजरकोट**

# स्वतः प्रकाशन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गरिएको बिवरण

अवधि २०८२/०१/०१ देखि २०८२/०३/३२

## स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रत्येक सार्वजनिकले आफ्ना गतिविधिहरुको बिवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम देहायका सूचना सूचिकृत गरि प्रकाशन गरिएको छ ।

केन्द्रले आफ्नो नियमित बिवरण प्रकाशन गर्ने सिलसिलामा आर्थिक वर्ष २०८१/८२ को माघ, फागुन तथा चैत्र महिनामा सम्पादित कामको बिवरण प्रस्तुत गरएको छ ।

**मितिः २०८२ श्रावण ०५ गते सोमबार**

### १) केन्द्रको स्वरुप र प्रकृति

जल जमीन तथा वनस्पति मानव अस्तित्वका लागि अपरिहार्य जलाधारीय प्राकृतिक श्रोतहरु हुन् । जल र जमीनको वैज्ञानिक व्यवस्थापन नगरिए सम्म हाम्रो जस्तो कृषि प्रधान देशमा "समृद्ध नेपाल सुखी नेपाली" भन्ने सपना साकार हुन सक्दैन ।नेपालको करीब ५० वर्षे लामो भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धि कार्यअनुभवले के देखायो भने वैज्ञानिक एवम् सर्वस्वीकार्य वृहत् जलाधार उपागम (Basin Approach) अनुसार एकीकृत जलाधार व्यवस्थापन कार्य गर्दा उपल्लोतटिय क्षेत्र र तल्लोतटिय क्षेत्रको अन्तरसम्बन्ध (Upstream-Downstream linkages) लाई स्थापित गर्दछ जसबाट वातावरणीय सेवा शुल्क भुक्तानी (Payment for Environmental Services-PES) को अवधारणालाई कार्यान्वयन गर्दै एउटा सिंगो नदीप्रणालीलाई नै सम्बोधन गरिने भएको हुँदा जलश्रोतको उपयोग र संरक्षणमा आउन सक्ने अन्तरदेशीय मुद्दाहरु (Trans boundary Issues) समेत संवोधन गर्न तुलनात्मक रुपमा सरल हुने देखिन्छ ।

यसै सन्दर्भमा नेपाल सरकारले नदीबेसिन व्यवस्थापन कार्यलाई उच्च प्राथमिकतामा राखी वृहत् जलाधारक्षेत्र (Basin) अवधारणा अनुसार भू संरक्षण तथा जलाधार व्यवस्थापनका प्राविधिक सेवाहरुलाई विस्तार गर्ने उद्देश्यले ४ वटा वृहत् जलाधार (कोशी, गण्डकी, कर्णाली, महाकाली) व्यवस्थापन केन्द्रहरु स्थापना गरि जलाधार व्यवस्थापन कार्यलाई निरन्तरता दिएको छ । नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग अन्तर्गत् २०७५ साल कार्तिक १६ गते स्थापना भएको यस वृहत् जलाधार व्यवस्थापन केन्द्र, कर्णाली, जाजरकोटले आफ्नो सेवा प्रवाह गर्दै आएको छ ।

### कार्यक्षेत्र

कर्णाली प्रदेशको जाजरकोट, रुकुम (पश्चिम), सल्यान, सुर्खेत, दैलेख, कालिकोट, हुम्ला, मुगु, जुम्ला र डोल्पा, लुम्बिनी प्रदेशको रोल्पा, प्यूठान, रुकुम (पूर्व), दाङ्ग, बाँके र बर्दिया तथा सुदुर पश्चिम प्रदेशको कैलाली, डोटी, बझाङ्ग, अछाम, बाजुरा सहित ५५३२८।६१ वर्ग किमी क्षेत्रफल समेटिएको २१ वटा जिल्ला यस केन्द्रको कार्यक्षेत्र भित्र पर्दछन् ।

**लक्ष्य**

वृहत् जलाधार उपागम अनुसार दिगो तथा समतामूलक एकीकृत भू संरक्षण तथा जलाधार व्यवस्थापनद्वारा जनताको जिविकोपार्जन तथा समृद्धिमा टेवा पुर्याउने

**उद्देश्य**

- भूमि तथा जलको उत्पादकत्व एवम् उपयोगलाई अभिवृद्धि गर्ने
- विकासका पूर्वाधारहरुको सेवालाई लम्ब्याउने

**कार्यनीति**

यस केन्द्रको लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्नानुसारको कार्यनीति अवलम्बन गरिएको छ :

- उपल्लोतटिय क्षेत्र तथा तल्लोतटिय क्षेत्र अन्तरसम्बन्ध स्थापन गर्ने गरि कार्य सञ्चालन गर्ने
- सहभागितात्मक, समन्वयात्मक तथा सहकार्यात्मक तरिकाबाट कार्य सञ्चालन गर्ने
- एकीकृत प्याकेज अवधारणा अनुरुप भू तथा जलाधार व्यवस्थापन क्रियाकलापहरु सञ्चालन गर्ने
- अध्ययन एवम् अनुसन्धानात्मक तरिकाबाट कार्य सञ्चालन गर्ने
- सिद्ध प्रविधि तथा नतिजालाई प्रसार गर्ने
- वृहत् जलाधार व्यवस्थापन सम्बन्धि नीति निर्माणमा सहयोग गर्ने

**२) काम कर्तव्य र अधिकार**

यस केन्द्रले सम्पादन गर्ने कार्यहरु निम्नानुसारका रहेकाछन् :

- वृहत् जलाधार स्तरका नदी प्रणालीहरुको भूस्खलन तथा जलाधार व्यवस्थापन सम्वन्धि सूचना प्रणालीहरुको तथ्यांक, जानकारीहरु तयार गर्ने ।
- जलाधारीय सम्वेदनशीलताको आधारमा प्राथमिकीकरण गरी महत्वपूर्ण, प्राथमिकता प्राप्त र संवेदनशिल क्षेत्रहरुमा वर्गिकरण गर्ने । पहिचान भएका जलाधार, उपजलाधारहरुको वैज्ञानिक अभिलेखिकरण गरी जलाधारमा आधारित कार्यक्रम/योजना, परियोजनाहरुको नियमन एवं समन्वय गर्ने ।
- जलश्रोतको संरक्षण, प्राकृतिक प्रकोप व्यवस्थापन र न्यूनीकरण, भूउपयोग, भूक्षमता जस्ता पक्षहरूको पहिचान, विश्लेषण गर्दै एकीकृत व्यवस्थापकीय योजना निर्माण र कार्यान्वयन ।
- बाढी, पहिरो भूस्खलन जस्ता प्राकृतिक बिपतहरुको न्यूनीकरण गर्न तथा जलको शुद्धता र परिमाण (Quality and Quantity) को अभिवृद्धि गर्न योजना, रणनीति कार्यक्रमहरूको तर्जुमा गर्दै अन्य सम्बन्धित सरोकारवाला हरुसँग समन्वय र सहकार्य गर्ने ।
- जलाधार क्षेत्र अन्तर्गत् रहेका राष्ट्रिय महत्वका आयोजना परियोजनाहरु सँग आपसि सहयोग र समन्वय कायम गर्दै वातावरण र विकास विच सन्तुलनको लागि नीतिगत तथा कार्यक्रमगत विषयहरुको संघीय, प्रदेश र स्थानीय तहलाई आवश्यकता अनुसार पृष्ठपोषण गर्ने ।
- संघीय आयोजना परियोजनाहरुको नेतृत्व प्रदान गर्नुका साथै समन्वयात्मक रुपमा अन्य आयोजना परियोजनाहरुलाई आवश्यक सहयोग, सहजीकरण तथा व्यवस्थापन गर्ने ।

- भू तथा जलाधार संरक्षण सम्वन्धि प्रविधि विकास प्रदर्शन एबं  प्रसार कार्य गर्ने र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूमा आवश्यकता अनुसार प्रविधि हस्तान्तरण, सहयोग एवम् समन्वय गर्ने ।
- संवेदनशील तथा राष्ट्रिय महत्वका जलाधार व्यवस्थापन सम्वन्धि आवश्यक ज्ञान प्रविधि सीप तथा नीति तर्जुमाका लागि आवश्यक सूचना, तथ्यांक तीनवटै तहका सरकारहरुलाई उपलव्ध गराउने।
- संघीय नीति, ऐन, कानून, निर्देशिकाहरुको कार्यान्वयन तथा नियमन गर्ने ।
- आकस्मिक बाढी पहिरो भूस्खलन जस्ता प्राकृतिक प्रकोपहरुको असर लाई न्यून एबं व्यस्थापन गर्न प्रदेश र स्थानीय सरकारसंग समन्वय गरि कार्यक्रम संचालन गर्ने ।
- जलाधार क्षेत्र व्यस्थापनका लागि महत्वपुर्ण भूमिका निर्बाह गर्न सक्ने अन्य सरोकारवाला निकायहरुसँग समन्वय कायम गरि एकीकृत रुपमा कार्यक्रम संचालन गर्न गराउन सहयोग गर्ने ।
- बृहत् जलाधार स्तरीय आयोजना, परियोजनाहरु निर्माण गर्न संघिय सरकार लाई सहयोग गर्ने ।
- बृहत् जलाधार क्षेत्र अन्तगतका जलाधार, उपजलाधारहरुको तथ्याङ्क तथा सूचना (एटलस तयार गरि) सम्वन्धित संघिय विभागबाट स्वीकृत गराउने तथा जलाधार उपागमको आधारमा कार्यक्रम संचालन समेत गर्ने गराउने ।
- बृहत् जलाधार व्यस्थापन कार्यसंग सम्वन्धित अन्य संघ संस्थाहरुसंग समन्वय गरि सहयोग र सहकार्यको आवश्यक व्यवस्था मिलाउने
- संघीय कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने  साथै प्रदेश र स्थानीय तहबाट अनुरोध भई आएका विषयहरुलाई समेत सम्बोधन गर्ने ।
- वृहत् जलाधार क्षेत्र अन्तर्गत् रहेका ठूला स्तरका जोखिमयुक्त पहिरो, बस्तीहरु पहिचान गर्ने तथा व्यवस्थापकीय योजना बनाई कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तनका कारण जलाधारीय श्रोतहरूमा परेको असरलाइ सम्वोधन गर्न जलवायु परिवर्तन अनुकूलन/समानुकूलनका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।
- उपल्लो तटीय तथा तल्लो तटीय जलाधारक्षेत्र  सम्वन्ध (Upstream-Downstream Linkage) व्यवस्थापन, उपयोग र महत्व प्रदर्शन स्थल निर्माण एवम् व्यवस्थापन गरी प्राप्त नतिजालाइ अनुसरण गर्ने

## ३) कर्मचारी र कार्यबिवरण

वृहत् जलाधार व्यवस्थापन केन्द्र, कर्णाली, जाजरकोटमा कार्यरत कर्मचारीहरुको बिवरण

| क्र. सं. | कर्मचारीको नाम, थर | पद | श्रेणी | कैफियत | |
|---|---|---|---|---|---|
| १ | रामकृष्ण राजथला | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत | रा.प.द्वि.(प्रा.) **सेवा/समूह** वन/स्वायल एण्ड वाटर कञ्जरभेसन | राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यन्वयन इकाई बुटवल, रुपन्देही काज | |
| | | | | **सेवा/समूह** | **कैफियत** |
| २ | सुशिल पोखरेल | जलाधार व्यवस्थापन अधिकृत | रा.प.तृ.(प्रा.) | वन/स्वायल एण्ड वाटर कञ्जरभेसन | कार्यालय प्रमुख |
| ३ | | बाली विकास अधिकृत | रा.प.तृ.(प्रा.) | कृषि/एग्रोनोमी | रिक्त |
| ४ | बीर बहादुर चन्द | नायव सुब्बा | रा.प.अनं.प्र.प्र. | प्रशासन/सामान्य प्रशासन | |
| ५ | पुष्कल देवकोटा | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन/लेखा | |
| ६ | तारा प्रसाद खड्का | भू-संरक्षण सहायक | रा.प.अनं.प्र(प्रा.) | वन/स्वायल एण्ड वाटर कञ्जरभेसन | अध्ययन विदामा |
| ७ | ओमबहादुर डाँगी | सब इन्जिनियर | रा.प.अनं.प्र(प्रा.) | इन्जिनियरिङ्ग/ सिभिल/इरिगेसन | |
| ८ | दल बहादुर बुढा | ह.स.चा. | श्रेणीविहीन | | करार सेवा |
| ९ | तिलक बहादुर शाही | का.स. | श्रेणीविहीन | | करार सेवा |
| १० | राम बहादुर शाही | का.स. | श्रेणीविहीन | | करार सेवा |

### संगठन स्वरुप

**वृहत् जलाधार व्यवस्थापन केन्द्र, कर्णाली, जाजरकोट**

वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत
रा.प.द्वि.(प्रा.), वन, स्वायल-१

**योजना तथा कार्यान्वयन शाखा**

जलाधार व्यवस्थापन अधिकृत
(रा.प.तृ.प्रा., वन, स्वायल)-१
बाली विकास अधिकृत
(रा.प.तृ.प्रा., कृषि, एग्रोनोमी)-१
भू-संरक्षण सहायक
(रा.प.अनं.प्र.प्रा., वन, स्वायल)-१
सबइन्जिनियर
(रा.प.अनं.प्र.प्रा.,इन्जिनियरिङ्ग, सिभिल इरिगेसन)-१

**प्रशासन शाखा**

नायव सुब्बा
(रा.प.अनं.प्र.प्रशासन/सा. प्रशासन)-१
हलुका सवारी चालक
(श्रेणीविहीन)-१
कार्यालय सहयोग
(श्रेणीविहीन)-२

**लेखा शाखा**

लेखापाल
(रा.प.अनं.प्र., लेखा)-१

## ४) प्रदान गरिने सेवा

### प्रदान गरिने सेवा सम्बन्धि नागरिक बडापत्र (Citizen Charter)

| प्रदान गरिने सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने बिवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/ कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| | | शुल्क | समय | | |
| **भू उपयोग विकास योजना तर्जुमा तथा भू-संरक्षण परामर्श सेवा** (वृहत् जलाधार प्राथमिकीकरण, रणनैतिक योजना तर्जुमा, कार्ययोजना, भू संरक्षाण तथा जलाधार व्यवस्थापन परामर्श सेवा) | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि ७ दिन देखि ३ महिना सम्म | योजना तथा कार्यान्वयन शाखा | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत |
| **विपद् जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन** (एकीकृत पहिरो/गल्छी/खहरे/खोलाकिनार व्यवस्थापन, आकस्मिक भू-क्षय व्यवस्थापन, शहरी जलाधार व्यवस्थापन) | समूह/समितिको निर्णय(माइन्युट)को फोटोकपि, सम्बन्धित पालिका/ वडाको सिफारिश पत्र, रु १०।- को टिकट टाँसेको निवेदन | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **दिगो भू-व्यवस्थापन तथा विकासका पूर्वाधार संरक्षण** (जलाधार पुनर्स्थापना, क्षतिग्रस्त भूमि पुनरोत्थान, बहुउद्देश्यीय नर्सरी स्थापना, बहुवर्षीय बिरुवा उत्पादन र वितरण, फलफूल बिरुवा खरीद/वितरण/रोपण, सुख्खाक्षेत्र व्यवस्थापन, सडकपाखो व्यवस्थापन, सेल्टरबेल्ट/ग्रीनबेल्ट विकास) | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **जलश्रोत संरक्षण तथा गेग्रान व्यवस्थापन** (एकीकृत पानीश्रोत व्यवस्थापन, थिग्रीकरण व्यवस्थापन, तालतलैया/ सिमसारक्षेत्र व्यवस्थापन तथा पर्यापर्यटन प्रवर्द्धन, भूमिगत पुनर्जलभरण, सिंचाई पोखरी) | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **अध्ययन, अनुसन्धान प्रविधि विकास, जलाधार सूचना प्रणाली विकास** (संरक्षण प्रदर्शन स्थल निर्माण र व्यवस्थापन, जलाधारीय नक्शांकन/श्रोत सर्वेक्षण/तथ्यांक संकलन/विश्लेषण/अभिलेखिकरण, प्रविधि प्रसार, विभिन्न किसिमको अध्ययन अनुसन्धान) | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **सामुदायिक परिचालन, क्षमता विकास, प्रचारप्रसार तथा जिविकोपार्जन सुधार** (विभिन्न किसिमका तालिम/गोष्ठी/अध्ययन अवलोकन भ्रमण, संरक्षण आयमूलक कार्यक्रम, संरक्षण दिवस समारोह, समन्वयात्मक छलफल, संरक्षण प्रचारप्रसार सामग्री उत्पादन/खरीद/वितरण) | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | ,, ,, | ,, ,, |
| **प्रशासनिक सेवा** | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि तुरुन्तै | प्रशासन शाखा | ,, ,, |
| **लेखा सम्बन्धि सेवा** | लिखित अनुरोध | निशुल्क | नियमानुसार तुरुन्तै | लेखा शाखा | ,, ,, |

## ५) शाखा र जिम्मेवार अधिकारी

| क्र. सं. | शाखा | कर्मचारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | योजना तथा कार्यान्वयन शाखा | | बाली विकास अधिकृत | रिक्त |
| | | तारा प्रसाद खड्का | भू-संरक्षण सहायक | |
| | | ओमबहादुर डाँगी | सब इन्जिनियर | |
| २ | प्रशासन शाखा | बीर बहादुर चन्द | नायब सुब्बा | |
| | | दल बहादुर बुढा | हलुका सवारी चालक | करार सेवा |
| | | तिलक बहादुर शाही | कार्यालय सहयोगी | करार सेवा |
| | | राम बहादुर शाही | कार्यालय सहयोगी | करार सेवा |
| ३ | लेखा शाखा | पुष्कल देवकोटा | लेखापाल | |

## ६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस केन्द्रबाट प्रदान गरिने सेवामा दस्तुर लाग्दैन ।सेवाको प्रकृति र प्राथमिकता हेरि ७ दिन भित्र सेवा प्रदान गरिने ।

## ७) निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यालय प्रमुख समक्ष निवेदन प्राप्त भई टिप्पणी मार्फत वरिष्ठ जलाधार व्यवस्थापन अधिकृतबाट निर्णय गरिने ।

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस केन्द्रमा वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत र केन्द्रले गरेका निर्णय उपर उजुरी सुन्ने अधिकारी वन तथा भू संरक्षण विभागका महानिर्देशकज्यू

## ९) सम्पादन गरेको कामको बिवरण

निम्न बजेट शिर्षकमा काम हुँदै आएका छन्

- ब.उ.शि.नं. ३२९०१०११३ अन्तर्गत् वार्षिक बजेट रु. ९२,०३,०००।००
- ब.उ.शि.नं. ३२९०१०११४ अन्तर्गत् वार्षिक बजेट रु. १,१६,००,०००।००
- ब.उ.शि.नं. ३२९०११०२३ अन्तर्गत् वार्षिक बजेट रु. ८,००,०००।००
- ब.उ.शि.नं. ३२९०११०२४ अन्तर्गत् वार्षिक बजेट रु. ७,०७,५०,०००।००

यस अवधिसम्ममा यस केन्द्रबाट भएका कार्यहरु निम्नानुसार छन् ।

| क्र.सं. | कार्यक्रमको नाम | वजेट रु (लाखमा) | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| जाजरकोट | | | | |
| १ | भेरी नदी नियन्त्रण भेनपा १ कालेगाउँ जाजरकोट | १० | सम्पन्न | |
| २ | भेरी नदी नियन्त्रण भेनपा १ पिपे जाजरकोट | १० | सम्पन्न | |
| ३ | भेरी नदी नियन्त्रण भेनपा १ रिम्ना जाजरकोट | १० | सम्पन्न | |
| ४ | गारसाँध सिचाई कुलो मर्मत, भेरी न.पा. २, साँङ्गटाखोला, जाजरकोट | १० | सम्पन्न | |
| ५ | छरिदेखी तिमिले खर्क सिचाइ कुलो निर्माण,भेरी न.पा-५ इवर,जाजरकोट | १० | सम्पन्न | |
| ६ | हरला पहिरो नियन्त्रण, भेरी न.पा. ८, जाजरकोट | १० | सम्पन्न | |
| ७ | गैरीखेत तटबन्धन भेरी न.पा. ११, जाजरकोट | १० | सम्पन्न | |
| ८ | मोर्कखोला खोला नियन्त्रण हरियालि कृषक समूह, शिवालय गा.पा. १, मोर्क, जाजरकोट | १० | सम्पन्न | |
| ९ | टापुचौरदेखी वालुवाखेतसम्म तटबन्धन कुशे गा.पा. ३ जाजरकोट | १० | सम्पन्न | |
| १० | गाइखुर पोखरी निर्माण, कुशे गा.पा.-५ पाँचकटिया ,जाजरकोट | १० | सम्पन्न | |
| ११ | सरुगाड सिस्नेखोला तटवन्धन, कुशे गा.पा. ७, नारे, जाजरकोट | १० | सम्पन्न | |
| १२ | मालुतरा बजार तटबन्धन, कुशे गा.पा.८, जाजरकोट | १० | सम्पन्न | |
| १३ | छान्नेखोला देखि कोटखेत तटबन्धन, कुशे गा.पा.८, जाजरकोट | १० | सम्पन्न | |
| १४ | पानीखेत तटबन्धन, कुशे गा.पा.८, जाजरकोट | १० | सम्पन्न | |
| १५ | बाँस खोली मेलविसाउना तटवन्धन कुशे गा.पा. ९, जाजरकोट | १० | सम्पन्न | |
| १६ | पौजाखोला नदि नियन्त्रण,छेडागाड न.पा. ८, जाजरकोट | १० | सम्पन्न | |
| १७ | छहरेखेत पलातागइरा पहिरो नियन्त्रण, छेडागाड न.पा. ८, जाजरकोट | १० | सम्पन्न | |
| १८ | सरुगाड नदि तटबन्धन, छेडागाड न.पा. १०, सिम्दाला जाजरकोट | १० | सम्पन्न | |
| १९ | सरुगाड नदी कटान नियन्त्रण, छेडागाड न.पा. १०, तेलपारा, | १० | सम्पन्न | |

| क्र.सं. | कार्यक्रमको नाम | वजेट रु (लाखमा) | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| | जाजरकोट | | | |
| २० | शिव मन्दिर लम्तिखोला तटबन्धन, छेडागाड न.पा. ११, जिउलाखोला, जाजरकोट | १० | सम्पन्न | |
| २१ | पन्चासे मुहान संरक्षण तथा श्रोत व्यवस्थापन, छेडागाड न.पा-१३,जाजरकोट | ५ | सम्पन्न | |
| २२ | भुम्पा दलित बस्ती पहिरो नियन्त्रण, छेडागाड न.पा. १३, जाजरकोट | १० | सम्पन्न | |
| २३ | दोबाटो पहिरो नियन्त्रण, बारेकोट गा.पा. १, दोबाटो, जाजरकोट | १० | सम्पन्न | |
| २४ | माथिल्लो धुमालगाउँ पहिरो नियन्त्रण बारेकोट ४ जाजरकोट | १० | सम्पन्न | |
| २५ | रिजुवाला पहिरो नियन्त्रण जुनिचाँदे ६ जाजरकोट | १० | सम्पन्न | |
| **सुर्खेत** | | | | |
| २६ | स्याउलाहाले खोला तटबन्धन(बसन्त कृषक समूह),भेरी गंगा न.पा -६,सुर्खेत | १० | सम्पन्न | |
| २७ | झिंगनि खोला तटबन्धन(नमुना बाख्रा पालन कृषक समूह),भेरी गंगा न.पा -७,सुर्खेत | १० | सम्पन्न | |
| २८ | बसेनी खोला तटबन्धन भेरीगंगा नपा ७ सुर्खेत | १० | सम्पन्न | |
| २९ | करेलीखोला भेरी नदि तटबन्धन भेरीगंगा नपा १३ सुर्खेत | १० | काम हुन नसकेको | |
| ३० | भिमलकुना तटबन्धन, लेकबेशी न.पा. ५, सुर्खेत | १० | सम्पन्न | |
| ३१ | गैरीखेत तटबन्धन, लेकबेशी न.पा. ७ र ८, सुर्खेत | १० | सम्पन्न | |
| ३२ | ज्यामुनाबुटा भेरी नदि तटबन्धन,गुर्भाकोट न.पा-८, सुर्खेत | १० | सम्पन्न | |
| ३३ | राक्सेखोला काप्रेखेत तटबन्धन,सिम्ता गा.पा-२,सुर्खेत | १० | सम्पन्न | |
| ३४ | गाग्रेखोला तटबन्धन, विरेन्द्रनगर न.पा-११ ढोलढुगां, सुर्खेत | १० | सम्पन्न | |
| **दैलेख** | | | | |
| ३५ | मालिका क्षेत्र पहिरो नियन्त्रण,भैरवी गा.पा-७ ,दैलेख | १० | सम्पन्न | |
| **रुकुम पश्चिम** | | | | |
| ३६ | नार्जी जहारीखोला तटबन्धन,चौरजाहारी न.पा-७,रुकुम पश्चिम | १० | सम्पन्न | |
| ३७ | सिम्तारेखोला तटबन्धन,त्रिवेणी गा.पा-10,रुकुम पश्चिम | १० | सम्पन्न | |

| क्र.सं. | कार्यक्रमको नाम | वजेट रु (लाखमा) | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ३८ | बाह्रधार्नि सिचाई नहर तटबन्धन, त्रिवेणी गा.पा.७, रुकुम (पश्चिम) | १० | सम्पन्न | |
| ३९ | घिउखोला डालाबारी पन्चासे खेत तटबन्धन निर्माण मुसिकोट नपा २ रुकुमपश्चिम | १५ | सम्पन्न | |
| ४० | घिउखोला डुर तटबन्धन तथा पार्क निर्माण मुसिकोट नपा २ रुकुमपश्चिम | १५ | सम्पन्न | |
| ४१ | मुसिकोट नपा ५ र ६ को सिमानामा अवस्थित जुम्ली पोखरी संरक्षण तथा व्यवस्थापन | ३० | काम हुन नसकेको | |
| ४२ | काफलतरी पोखरी निर्माण, वाफिकोट गा पा ५, रूकुम पश्चिम | १० | सम्पन्न | |
| **सल्यान** | | | | |
| ४३ | भेरी नदि कटान नियन्त्रण, बनगाड कुपिण्डे न.पा. १, नाम्रा, सल्यान | १० | काम हुन नसकेको | |
| ४४ | जोरघट्ट तटबन्धन, त्रिवेणी गा.पा. ४, सल्यान | १० | सम्पन्न | |
| ४५ | सल्लेखोला हात्तिढुङ्गा तटबन्धन, त्रिवेणी गा.पा. ५, सल्यान | १० | सम्पन्न | |
| **डोल्पा** | | | | |
| ४६ | चौतारी देखि रोचु सिचाइ कुलो मर्मत, त्रिपुरा सुन्दरी न.पा. २, डोल्पा | १० | सम्पन्न | |
| ४७ | ढिकुल्ली डाँडा पहिरो नियन्त्रण,त्रिपुरासुन्दरी न.पा-3 जिउँ,डोल्पा | १० | सम्पन्न | |
| ४८ | खोलासरा खोला तटबन्धन, ठुलीभेरी न.पा. ८, डोल्पा | १० | सम्पन्न | |
| ४९ | विडिथान आधारभुत विद्यालय संरक्षण, ठुलीभेरी न.पा. ८, डोल्पा | १० | सम्पन्न | |
| ५० | ठुलीभेरी नदि बगर कटान नियत्रन्ण, ठुलीभेरी न.पा. ९, भेत्ति, डोल्पा | १० | सम्पन्न | |
| **जुम्ला** | | | | |
| ५१ | बिर्केधारो खोला किनार संरक्षण तथा तटबन्धन चन्दननाथ २ जुम्ला | १५ | काम हुन नसकेको | |
| ५२ | पिपलारुख चाँगा तटबन्धन,चन्दनाथ न.पा- ११ गैरागाँउ जुम्ला | १० | सम्पन्न | |
| ५३ | माउखोला किनार संरक्षण गुठीचौर ५ जुम्ला | १६ | सम्पन्न | |
| ५४ | बुदबुदि खोला नियन्त्रण तातोपानी ३ लिताकोट जुम्ला | १४ | सम्पन्न | |

| क्र.सं. | कार्यक्रमको नाम | वजेट रु (लाखमा) | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| **हुम्ला** | | | | |
| ५५ | डाँडागाउँ पहिरो नियन्त्रण, सिमिकोट गा.पा. २, हुम्ला | १० | सम्पन्न | |
| ५६ | स्याम्लेखोला तटबन्धन, सिमिकोट गा.पा. ४, हुम्ला | १० | सम्पन्न | |
| ५७ | कुडिल्ला ठुलो खोला पहिरो नियन्त्रण सिमकोट सिमकोट ७ कुडिल्ला हुम्ला | १० | सम्पन्न | |
| ५८ | बोक्चे गौड आर्यघाट मुनि पहिरो नियन्त्रण खार्पुनाथ गा.पा १ हुम्ला पिउस | १० | सम्पन्न | |
| ५९ | मेहेलचौर दमाईवस्ती पहिरो नियन्त्रण अदानचुली ३ हुम्ला | १५ | सम्पन्न | |
| ६० | उदारीखोला पानी मुहान संरक्षण अदानचुली ५ स्याउले हुम्ला | १० | सम्पन्न | |
| ६१ | मालसैन तटबन्धन ताजाकोट गापा ५ बरख्या हुम्ला | १० | सम्पन्न | |
| **कालिकोट** | | | | |
| ६२ | घाटसाँका पहिरो नियन्त्रण, शुभकालिका गा.पा. २, कालिकोट | १० | सम्पन्न | |
| ६३ | तल्लो भाल्खोडा देखी फुर्केखोलासम्म तटबन्धन तिलागुफा नपा ९ चिलखाया कालिकोट | १० | काम हुन नसकेको | |
| **मुगु** | | | | |
| ६४ | गुम डुवा जुकियान पहिरो रोकथाम ,छाँयानाथ रारा न.पा. ४, मुगु | १० | सम्पन्न | |
| ६५ | धह पहिरो रोकथाम, छाँयानाथ रारा न.पा. ८, मुगु | १० | सम्पन्न | |
| ६६ | दमाईडाडा रिचार्जपोखरी निर्माण सोरु गापा ३ भिई दमाईडाडा मुगु | १० | सम्पन्न | |

## १०) सूचना अधिकारी र प्रमुखको नाम र पद

| **प्रमुखको नाम र पदः** | **सूचना अधिकारीको नाम र पदः** |
|---|---|
| सुशिल पोखरेल<br>नि. वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत<br>मोबाईल नम्बरः ९८५८०३०१७९ | बीर बहादुर चन्द<br>नायव सुब्बा<br>मोबाईल नम्बरः ९८५८०३०२७९ |

## ११) केन्द्रको बजेट सम्बन्धी बिवरण

- ब.उ.शि.नं. ३२९०१०११३ अन्तर्गत् वार्षिक बजेट रु. ९२,०३,०००।००
- ब.उ.शि.नं. ३२९०१०११४ अन्तर्गत् वार्षिक बजेट रु. १,१६,००,०००।००
- ब.उ.शि.नं. ३२९०११०२३ अन्तर्गत् वार्षिक बजेट रु. ८,००,०००।००
- ब.उ.शि.नं. ३२९०११०२४ अन्तर्गत् वार्षिक बजेट रु. ७,०७,५०,०००।००

## १२) खर्चको बिवरण

**२०८२ साल बैशाख देखि असार महिनासम्मको प्रगति विवरण :**

| सि.नं. | ब.उ.शि.नं. | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | ३२९०१०११३ | ९२,०३,०००।०० | १४,२१,४८९।१० | १५।४४ |
| २ | ३२९०१०११४ | १,१६,००,०००।०० | ५१,०९,८१९।९० | ४४।०५ |
| ३ | ३२९०११०२३ | ८,००,०००।०० | ३,८६,२२०।०० | ४८।२७ |
| ४ | ३२९०११०२४ | ७,०७,५०,०००।०० | ३,१८,६३,३७०।०० | ४४।०३ |

**आ. व. २०८१।०८२ को हाल सम्मको प्रगति बिवरणः**

| सि.नं. | ब.उ.शि.नं. | वार्षिक बजेट रु. | हाल सम्मको खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | ३२९०१०११३ | ९२,०३,०००।०० | ६९,१३,८४७।२० | ७५।१२ |
| २ | ३२९०१०११४ | १,१६,००,०००।०० | ८७,४९,२२०।९० | ७५।४२ |
| ३ | ३२९०११०२३ | ८,००,०००।०० | ७,९०,६००।०० | ९८।८२ |
| ४ | ३२९०११०२४ | ७,०७,५०,०००।०० | ६,१७,७८,००५।०० | ८७।३१ |

**१३) वेबसाइटको बिवरण :** वृहत् जलाधार व्यवस्थापन केन्द्र, कर्णाली, जाजरकोटको वेबसाइट निर्माणको क्रममा रहेको छ ।